आज **मिति २०७७ साल साउन ३० गते** चौरजहारी नगर कार्यपालिकाको **५७ औं बैठक** नगर प्रमुख श्री विशाल शर्मा ज्यूको अध्यक्षतामा बसी तपशिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिती

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विशाल शर्मा | नगर प्रमुख | |
| २ | श्री राधा रोका | उपप्रमुख | |
| ३ | श्री रामबहादुर के.सी. | सदस्य सचिव | |
| ४ | श्री भद्र वहादुर विष्ट | अध्यक्ष वडा नं. १ | |
| ५ | श्री केशव केसी | अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाल वहादुर वुढा | अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री गोपाल भण्डारी | अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उदे खत्री | अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री जयलाल महतरा | अध्यक्ष वडा नं. ६ | |
| १० | श्री इन्द्रलाल शर्मा | अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री डम्वर वहादुर मल्ल | अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री महेश स्वर्णकार | अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री धरम वहादुर के सी | अध्यक्ष वडा नं. १० | |
| १४ | श्री मनमोहन शाह | अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री टिकाराम वली | अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री टंक प्रसाद वली | अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री अतिराम विष्ट | अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री सुदास स्वर्णकार | सदस्य | |
| १९ | श्री सपना कार्की | सदस्य | |
| २० | श्री देवी खड्का | सदस्य | |
| २१ | श्री विनिता गुरुङ | सदस्य | |
| २२ | श्री दलसरी महतरा | सदस्य | |
| २३ | श्री असारे नेपाली | सदस्य | |
| २४ | श्री लोकेन्द्र परियार | सदस्य | |
| २५ | श्री दिपा के सी | सदस्य | |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

## २०७७ श्रावण ३० गतेको ५७ औं नगर कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु

| क्र.स. | प्रस्तावको विवरण | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | मदिरा नियन्त्रण सम्बन्धी निर्देशिका, २०७७ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| २ | नगरपालिका मार्फत सुपथ मूल्यका पसलहरु सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ३ | नगर शिक्षा नियमावली, २०७४ मा संशोधन गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ४ | संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ५ | आर्थिक वर्ष २०७६।०७७ को २०७६ श्रावण १ गतेदेखि २०७७ असार मसान्तसम्मको आय र व्ययको विवरण सार्वजनिक गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ६ | साझेदारीमा औद्योगिक ग्राम तथा औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगहरु सञ्चालन तथा व्यवस्थापनको लागि स्थान तथा साझेदार छनौट गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ७ | विविध समसामयिक विषयहरु समेटिएको विविध विषय सम्बन्धि प्रस्ताव | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |

2066/04/30

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

# ५७ औं नगर कार्यपालिकाको मिति २०७७।०४।३० गतेका निर्णयहरु

<u>निर्णय नं. १</u> : नगर कार्यपालिकाको आजको बैठकमा पेश भएका प्रस्तावहरुको सम्बन्धमा थप छलफल र अध्ययन गर्नुपर्ने भएकोले मिति २०७७/०५/०५ गते विहान ठीक ११:०० बजे पुनः बैठक बस्ने गरी आजको बैठक स्थगित गर्ने ।

२०७७।०४।३०

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

आज **मिति २०७७ साल भदौ ०५ गते** चौरजहारी नगर कार्यपालिकाको **५८ औं बैठक** नगर प्रमुख श्री विशाल शर्मा ज्यूको अध्यक्षतामा बसी तपशिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

**<u>उपस्थिती</u>**

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विशाल शर्मा | नगर प्रमुख | |
| २ | श्री राधा रोका | उपप्रमुख | |
| ३ | श्री रामबहादुर के.सी. | सदस्य सचिव | |
| ४ | श्री भद्र वहादुर विष्ट | अध्यक्ष वडा नं. १ | |
| ५ | श्री केशव केसी | अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाल वहादुर वुढा | अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री गोपाल भण्डारी | अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उदे खत्री | अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री जयलाल महतरा | अध्यक्ष वडा नं. ६ | |
| १० | श्री इन्द्रलाल शर्मा | अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री डम्बर वहादुर मल्ल | अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री महेश स्वर्णकार | अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री धरम वहादुर के सी | अध्यक्ष वडा नं. १० | |
| १४ | श्री मनमोहन शाह | अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री टिकाराम वली | अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री टंक प्रसाद वली | अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री अतिराम विष्ट | अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री सुदास स्वर्णकार | सदस्य | |
| १९ | श्री सपना कार्की | सदस्य | |
| २० | श्री देवी खड्का | सदस्य | |
| २१ | श्री विनिता गुरुङ | सदस्य | |
| २२ | श्री दलसरी महतरा | सदस्य | |
| २३ | श्री असारे नेपाली | सदस्य | |
| २४ | श्री लोकेन्द्र परियार | सदस्य | |
| २५ | श्री दिपा के सी | सदस्य | |

## ५८ औं नगर कार्यपालिकाको मिति २०७७।०५।०५ गतेका निर्णयहरु

निर्णय नं. १ : मदिरा नियन्त्रण सम्बन्धी निर्देशिका, २०७७ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

निर्णय नं. २ : नगरपालिका मार्फत सुपथ मूल्यका पसलहरु सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

निर्णय नं. ३ : नगर शिक्षा नियमावली, २०७४ मा संशोधन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

निर्णय नं. ४ : संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

निर्णय नं. ५ : आर्थिक वर्ष २०७६।०७७ को २०७६ श्रावण १ गतेदेखि २०७७ असार मसान्तसम्मको आय र व्ययको विवरण सार्वजनिक गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

निर्णय नं. ६ : साझेदारीमा औद्योगिक ग्राम तथा औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगहरु सञ्चालन तथा व्यवस्थापनको लागि स्थान तथा साझेदार छनौट गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

निर्णय नं. ७ : विविध समसामयिक विषयहरु समेटिएको विविध विषय सम्बन्धि प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

२०७७/०५/०५

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

विषयः–<u>विविध समसामयिक विषयहरुमाथि छलफल गरी निर्णय गर्ने सम्बन्धमा ।</u>

**प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृति प्राप्त मिति :–२०७७।०४।२६**

१. **विषयको संक्षिप्त व्यहोराः**-विविध समसामयिक विषयहरुमा निर्णय गर्न नगरपालिका अन्तरगतका विभिन्न शाखाहरुबाट विभिन्न प्रस्तावहरु निर्णयार्थ पेश भएका छन् ।

२. **प्राप्त परामर्श र अन्य सान्दर्भिक कुरा** :–विभिन्न शाखाहरुबाट निर्णयको लागि पेश भएका प्रस्तावहरु यथाशीघ्र निर्णय गरी कार्यान्वयनमा लिनु पर्ने देखिन्छ ।

३. **प्रस्ताव पेश गर्नुपर्नाका कारण र सम्बन्धित शाखाको राय** :-उल्लेखित विविध विषयहरुमा आवश्यक छलफल गरी यथाशीघ्र निर्णयमा पुग्नुपर्ने देखिन्छ ।

४. **निर्णय हुनुपर्ने व्यहोराः**-उल्लेखित विविध विषयहरुमा निर्णय गरी प्रस्ताव स्वीकृत गर्न चौरजहारी नगर कार्यपालिका समक्ष प्रस्ताव पेश गर्न नगर प्रमुख ज्यूबाट स्वीकृति प्राप्त भएकोले चौरजहारी नगरपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ७ को अनुसूची १ को विषय सङ्ख्या ४ र विषय सङ्ख्या १५ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

*<u>निर्णय हुनुपर्ने विषयहरु</u>*

(१) नेपालका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी पुनर्वितरणको सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा माननीय मन्त्रीस्तरको मिति २०७६।१०।१० गतेको निर्णयानुसार शिक्षक दरवन्दी) मिलान तथा व्यवस्थापन (कार्यविधि, २०७६ स्वीकृत भई सोही कार्यविधि अनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पत्र सङ्ख्या २०७६।०७७।शि.व्य., चलानी नं. १८९, २०७६।११।१२ गतेको शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी स्थानीय तह अन्तर्गतको स्वीकृत शिक्षक दरवन्दीहरुलाई कार्यविधि अनुसार कार्यान्वयन गर्नु तथा गराउनु हुन भनि प्राप्त पत्र तथा निर्देशानुसार यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा मिति २०७७।०४।१६ गतेको नगर शिक्षा समितिको



प्रमुख प्रशासकीय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन गर्ने निर्णय, सामुदायिक विद्यालयहरुमा शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन पश्चात् स्थायी तथा राहत बाहेकका रिक्त दरवन्दीमा करार शिक्षक व्यवस्थापन सम्बन्धमा नगर शिक्षा समितिको मिति २०७७।०१।२८ गतेको निर्णयानुसार) निर्णय नं. ५ (तोकिएको मापदण्ड र मूल्याङ्कन सूचकहरुको आधारमा शिक्षा, युवा तथा खेलकूद शाखाले तयार पारेको योग्यताक्रमको आधारमा करार शिक्षक छनौट गरी विद्यालयहरुमा पठनपाठन सुरु भएको मितिदेखि लागू हुने नियुक्ति दिने निर्णय लगायतका निर्णयहरु अनुमोदन गर्ने ।

(२) कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको लागि क्वारेन्टाइन संचालन तथा व्यवस्थापन, पिसिआर परीक्षण प्रयोगशाला सञ्चालन तथा व्यवस्थापन, आवश्यक स्वास्थ्य सुरक्षा सामग्रीहरु (पिपिइ, मास्क, स्यानिटाइजर, ग्लोव्स लगायत) खरिद लगायतको कार्यको लागि हालसम्म भएको खर्च अनुमोदन गर्ने । पिसिआर परीक्षण प्रयोगशाला नियमित रुपमा सञ्चालनको लागि आवश्यक आर्थिक सहयोग गर्न संघ तथा प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण गराउने । रुकुम (पश्चिम) जिल्लाका अन्य पालिका एवम् छिमेकी सल्यान तथा जाजरकोटका पालिकाहरुलाई समेत आवश्यक आर्थिक सहयोग गर्न अपिल गर्ने ।

(३) चौरजहारी नगरपालिका वडा नं. ३ स्थित अम्वाचौरमा कर्णाली प्रदेशस्तरिय प्रहरी तालिम केन्द्र निर्माणको लागि आवश्यकता अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (ञ्ड्ड) वा वातावरणीय प्रभाव मूल्याङ्कन (ड्ढ्ञ्द) गर्ने ।

(४) चौरजहारी नगरपालिका वडा नं. १ स्थित लामिछानेगाउँमा कृषि अनुसन्धान केन्द्र निर्माणको लागि उक्त स्थानको आवश्यकता अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गर्ने ।

(५) आर्थिक वर्ष २०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पारी कार्यान्वयन हुनुपर्ने आयोजनाहरु एवम् आगामी आर्थिक वर्ष २०७८।०७९ को लागि संघ तथा प्रदेश सरकारबाट समपूरक तथा विशेष अनुदान प्राप्त गर्न पेश



राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

गर्न सकिने संभाव्य आयोजनाहरुको प्रचलित खरिद कानून बमोजिम विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पार्ने ।

(६) चौरजहारी नगरपालिका अन्तर्गतका खोला, नदीनाला एवम् खानीहरुबाट वालुवा, गिट्टी, ढुङ्गा, दहत्तरवहत्तर उत्खननको लागि प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) प्रतिवेदन अनुसार प्रचलित वातावरण संरक्षण सम्बन्धी कानून एवम् सो सम्बन्धी संघ तथा प्रदेश सरकारबाट जारी निर्देशन एवम् कार्यविधि अनुरुप ठेक्का वन्दोवस्ति गर्ने ।

(७) आर्थिक वर्ष २०७६/०७७ को आर्थिक कारोवारको आन्तरिक लेखा परीक्षणको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, रुकुम (पश्चिम) लाई लेखि पठाउने र यथाशीघ्र आन्तरिक लेखा परीक्षणको व्यवस्था मिलाउने ।

(८) नगरपालिकाको स्वीकृत सङ्गठन संरचना र दरवन्दी विवरण अनुसार नगर प्रहरी सहायक निरीक्षक १ जना, नगर प्रहरी सहायक निरीक्षक ३ जना, नगर प्रहरी हवलदार १ जना, नगर प्रहरी जवान ९ जना र नगर प्रहरी सहयोगी (भान्से) १ जना गरी १५ जनाको दरवन्दी स्वीकृत भएकोमा नगरपालिकाको भौगोलिक क्षेत्र, नगर प्रहरीको कार्यक्षेत्र, राख्नुपर्ने नगर प्रहरी बिट, सुपथ मूल्यका सहकारी पसल सञ्चालन लगायतका कार्यलाई विश्लेषण गर्दा थप दरवन्दी आवश्यक पर्ने देखिएकोले देहाय बमोजिम दरवन्दी थप गर्ने :-

| क्र.स. | पद | सङ्ख्या | | कैफियत |
|---|---|---|---|---|
| | | साविक | हाल कायम गरिएको | |
| १ | नगर प्रहरी नायब निरीक्षक | १ | १ | |
| २ | नगर प्रहरी सहायक निरीक्षक | ३ | ३ | |
| ३ | नगर प्रहरी हवलदार | १ | १ | |
| ४ | नगर प्रहरी जवान | ९ | २० | |



राम बहादुर ... प्रमुख प्रशासकीय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

| क.स. | पद | सङ्ख्या | | कैफियत |
|---|---|---|---|---|
| | | साविक | हाल कायम गरिएको | |
| ५ | नगर प्रहरी सहयोगी (भान्से) | १ | १ | |
| जम्मा | | १५ | २६ | |

(९) यस नगरपालिकाभर लागू हुने गरी जारी लागू औषध निषेध, मदिरा तथा सूर्तिजन्य पदार्थ नियन्त्रण निर्देशिका, २०७७ बमोजिम मदिरा तथा सूर्तिजन्य पदार्थको उत्पादन, विक्री वितरण र सेवनलाई व्यवस्थापन तथा नियन्त्रण गर्न देहायका क्षेत्रहरुलाई समेट्ने गरी वडास्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिको सिफारिसमा नगरस्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिले स्थान निक्यौंल गर्ने गरी मदिरा तथा सूर्तिजन्य पदार्थको कारोवार केन्द्र तोक्ने :-

१. <u>मदिरा तथा मदिराजन्य पदार्थको हकमा</u>

(क) वडा नं. १, २ र ३ लाई पायक पर्ने गरी सार्वजनिक स्थलको ५०० मिटरभित्र नपर्ने गरी कुनै एक ठाउँमा ।

(ख) वडा नं. ४, ५, ६, ७ र ८ लाई पायक पर्ने गरी सार्वजनिक स्थलको ५०० मिटरभित्र नपर्ने गरी कुनै एक ठाउँमा ।

(ग) वडा नं. १२, ९, १४ र ६ लाई पायक पर्ने गरी सार्वजनिक स्थलको ५०० मिटरभित्र नपर्ने गरी कुनै एक ठाउँमा ।

(घ) वडा नं. १०, ११, १३ र १४ लाई पायक पर्ने गरी सार्वजनिक स्थलको ५०० मिटरभित्र नपर्ने गरी कुनै एक ठाउँमा ।

२. <u>सुर्तिजन्य पदार्थको हकमा</u>

(क) वडा नं. १, २ र ३ लाई पायक पर्ने गरी सार्वजनिक स्थलको २०० मिटरभित्र नपर्ने गरी कुनै एक ठाउँमा ।

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

(ख) वडा नं. ४, ५, ६, ७ र ८ लाई पायक पर्ने गरी सार्वजनिक स्थलको २०० मिटरभित्र नपर्ने गरी कुनै एक ठाउँमा ।

(ग) वडा नं. १२, ९, १४ र ६ लाई पायक पर्ने गरी सार्वजनिक स्थलको २०० मिटरभित्र नपर्ने गरी कुनै एक ठाउँमा ।

(घ) वडा नं. १०, ११, १३ र १४ लाई पायक पर्ने गरी सार्वजनिक स्थलको २०० मिटरभित्र नपर्ने गरी कुनै एक ठाउँमा ।

(१०) निर्णय नं. ९ मा उल्लेखित ठाउँमा मदिराजन्य तथा सूर्तिजन्य पदार्थको कारोवार गर्न इच्छुक र योग्य व्यक्तिहरुले उक्त निर्देशिकामा उल्लेखित शर्तहरुका अतिरिक्त देहाय बमोजिमको कर नगरपालिकामा बुझाउनु पर्नेछ :-

| क.स. | करको विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १ | अनुमति शुल्क, कारोवार दर्ता तथा नवीकरण शुल्क (मदिरा तथा मदिराजन्य पदार्थको हकमा) | वार्षिक न्यूनतम रु १,००,०००/- | |
| २ | अनुमति शुल्क, कारोवार दर्ता तथा नवीकरण शुल्क (सूर्तिजन्य पदार्थको हकमा) | वार्षिक न्यूनतम रु २०,०००/- | |
| ३ | स्वास्थ्य सेवा शुल्क | | |
| | मदिरा वियर प्रति कार्टोन | रु ५०/- | |
| | मदिरा अन्य प्रति कार्टोन | रु १००/- | |
| | सूर्तिजन्य पदार्थ (चुरोट, सूर्ति, बिंडी, गुट्का, पुकार लगायत) | रु १५ प्रतिपोका<br>रु ३०० प्रतिबोरा | |

राम बहादुर के.सी.
कि. प्रमुख प्रशासकीय अधिकृत

**चौरजहारी नगरपालिका**
# नगर कार्यपालिकाको कार्यालय
**चौरजहारी, रूकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

(११) यस नगरपालिकामा मिति २०७६ चैत्र १ गतेसम्म प्रशासन सहायक पदमा कार्यरत कर्मचारी श्री मोतिलाल जैसीको आकस्मिक निधन भएकोमा निजको पारीवारिक अवस्था नाजुक भएकोले निजको घरपरिवारलाई रु २०,०००/- (बीस हजारमात्र) काजक्रिया खर्च स्वरुप राहत उपलब्ध गराउने ।

(१२) नगरपालिकाबाट मिति २०७७/०४/०२ गते प्रधानाध्यापक छनौटको लागि दरखास्त पेश गर्ने सम्बन्धी प्रकाशित सूचना बमोजिम नगरपालिकाभित्रका सबै सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक छनौट गरी नियुक्त गर्न देहाय बमोजिमको प्रधानाध्यापक छनौट तथा सिफारिस समिति गठन गर्ने :-

(क) श्री रामबहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) श्री दिलिप कुमार सोनी शिक्षा अधिकृत - सदस्य

(ग) श्री टिकाजङ्ग ओली प्रा.स. शिक्षा -सदस्य सचिव

..........................

रामबहादुर के.सी.

प्रमुख प्रशासकीय अधिकृत